नेपाल सरकार

युवा, श्रम तथा रोजगार मन्त्रालय

# वैदेशिक रोजगार विभाग

ताहाचल, काठमाडौं

मिति २०८३/०४/०७

## वैदेशिक रोजगार सम्वन्धी कार्य गर्ने इजाजतपत्रवाला संस्थाको आधिकारिकता सम्वन्धी सूचना।

वैदेशिक रोजगार ऐन,२०६४ को दफा ११ बमोजिम वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र प्राप्त संस्थाहरुको नाम, ठेगाना, इजाजत पत्र नम्वर, स्टाटस (एक्टिभ वा डिएक्टिभ), सञ्चालक र कर्मचारीहरुको नाम, सम्पर्क नम्वर, संस्थाको ईमेल, संस्थाको गुगल लोकेशन म्याप लगायतका सवै सूचना तथा जानकारीहरु पव्लिक डोमेन यस विभागको आधिकारिक वेवसाइट (**www.dofe.gov.np**) मा राखिएकोले कानून बमोजिमको रित पुगेका र सक्रिय अवस्थामा रहेका इजाजतपत्र प्राप्त संस्थाहरुको वारेमा आवश्यक परेको जानकारी तपसिल बमोजिम हेर्न सकिने व्यहोरा सरोकारवाला सवैको जानकारीको लागि अनुरोध गरिन्छ ।

तपसिल

१. विभागको आधिकारिक वेवसाइट – (**www.dofe.gov.np**) वेव **Browser** मा खोल्ने ।

२. सम्वन्धित निकाय मेनुको - इजाजत पत्र प्राप्त संस्थामा गई **Permission No** वा नाम लेखि **Search** गर्ने।

३. Search गरेपछि इजाजत पत्र प्राप्त संस्थाको **Permission No, Name, Address, Contact No, Status, Active/Inactive, Location** (गुगल म्याप) देखिन्छ र **View Details** मा गएर संस्थाको **Proprietor Information** तथा **Labour Representation** मा निजहरुको नाम, ठेगाना, मोवाइल नं. हेर्न सकिने हुदाँ इजाजत प्राप्त संस्था हो वा होइन र हाल सक्रिय वा निस्क्रिय कस्तो अवस्थामा रहेको एकिन गर्न सकिने व्यहोरा सवै सरोकारवालाहरुलाई अनुरोध गरिन्छ।

नोट- साथै इजाजतपत्रवाला संस्थाहरुले समेत विभागको वेभ साइटमा रहेको संस्थाको विवरण एकिन गरी संचालक,कर्मचारी वा प्रतिनिधि परिवर्तन भएको वा अन्य अध्यावधिक गर्नुपर्ने भए ७ (सात) दिन भित्र अभिलेख अध्यावधिक गर्न वेभसाइटमा उल्लेखित विवरणहरु सहित विभागको संस्था दर्ता शाखामा निवेदन दिन सूचित गरिन्छ ।

बैदेशिक रोजगार विभाग,
ताहाचल,काठमाडौं

Contact: Website: www.dofe.gov.np, Email : info@dofe.gov.np, ☎ 01-4792616, 01-4792671, Fax: 01-4792606